थुलुङ दुधकोशी गाउँपालिका

# थुलुङ दुधकोशी गाउँपालिकाको विनियोजन विधेयक , २०७८

थुलुङ दुधकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,मुक्ली

१ नं. प्रदेश, नेपाल

## थुलुङ दुधकाशी गाउँपालिकाको विनियोजन विधेयक , २०७८

**गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा ब्यवस्थापन गर्न बनेको विधेयक**

**प्रस्तावना :** थुलुङ दुधकोशी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम थुलुङ दुधकोशी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम"थुलुङ दुधकोशी गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

**(**२) यो ऐन २०७८ साल श्रावण १ देखि प्रारम्भ हुनेछ ।

**२.आर्थिक वर्ष २०७८।०७९ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः**

(१)आर्थिकवर्ष २०७८।०७९ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च गाउँपालिकातर्फ रु ५करोड ८२लाख, विषयगतशाखातर्फ रु १ करोड ८८ लाख ८ हजार ५८०, पूँजिगतखर्च गाउँपालिकातर्प रु १० करोड ५७ लाख ८ हजार १२० , वडा समितिअन्तर्गत रु ४ करोड ८० लाख ,गरी जम्मा रकम रु २३ करोड ७ लाख १६ हजार ७०० मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त"थुलुङ दुधकोशी गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) दफा २ वाहेक संचित कोषमा प्राप्तभएका रकम, प्राप्त अख्तियारी तथा कार्यपालिकाको स्विकृती अनुसार खर्च गर्न सकिनेछ ।

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | ५,८२,००,००० | १०,५७,०८,१२० | ० | १६,३९,०८,१२० |
| २ | | वडा समिति | | | | ४,८०,००,००० |
| ३ | | बिषयगतशाखा | | | | १,८८,०८,५८० |
| ४ | | ऋणको सावाव्याजभुक्तानी | | | | |
| ५ | | लगानी ( शेयर/ऋण) | | | | |
| ६ | **जम्मा** | | | | | २३,०७,१६,७०० |

* सूत्र प्रणालीमा प्रविष्टी पश्चात चालु र पूँजिगत खर्चको रकम घटबढ हुन सक्नेछ ।